# ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरुको २०७७ आश्विन मसान्तसम्मको प्रगति बिबरण सम्बन्धमा प्राधिकरणबाट जारी

# प्रेश बिज्ञप्ति

दूरसञ्चार ऐन, २०५३ को दफा ३० को उपदफा (४) बमोजिम खडा गरिएको ग्रामीण दूरसञ्चार बिकास कोषको परिचालन गरी ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड नेटवर्क एक्सेस तथा सूचना महामार्ग निर्माण सम्बन्धमा सञ्चालित बिभिन्न परियोजनाहरुको कार्य यस प्राधिकरणबाट अघि बढाइएकोमा उक्त परियोजनाहरुको सम्बन्धमा बि. सं. २०७७ आश्विन मसान्तसम्ममा भएका प्रगति सम्बन्धी संक्षिप्त बिबरण देहाय बमोजिम रहेको ब्यहोरा सम्बन्धित सवैको जानकारीको लागि प्रेषित गरिएको छ ।

**१. <u>भौतिक प्रगतिः</u>**

**१.१ ब्रोडव्याण्ड ईन्टरनेट सेवा उपलव्ध गराउने परियोजना:**

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी ब्रोडव्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरु मध्ये १२ वटा प्याकेजहरु मार्फत ४६ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा १०० % तथा २ वटा प्याकेज मार्फत ९ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा ५० % कार्य सम्पन्न भई सेवा सञ्चालनमा रहेको अवस्था छ । साथै ४ वटा प्याकेज अन्तर्गतका १९ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायकहरु छनौट भई निर्माण कार्य भईरहेको छ।

सम्पन्न भएका परियोजनाहरुमध्ये हालसम्म एउटा परियोजनाको अनुगमन गरी प्रमाणीकरण कार्य सम्पन्न भइसकेको, २ वटा परियोजनाहरुको प्राधिकरणबाट नियुक्त परामर्शदाताहरुबाट Phase I अन्तर्गतको अनुगमन गरी प्रमाणीकरण कार्य भइरहेको, ६ वटा परियोजनाहरुको Phase II अन्तर्गतको अनुगमन गरी प्रमाणीकरण कार्य भइरहेको, तथा ५ वटा परियोजनाहरुको Performance Monitoring को कार्य भइरहेको छ ।

**२०७७ आश्विन मसान्तसम्म उपरोक्त उल्लेखित ब्रोडव्याण्ड परियोजनाहरुको संक्षिप्त भौतिक प्रगति बिबरण यस प्रकार रहेकोः**

| विवरण | स्थानिय निकायको कार्यालय | वडा कार्यालयको संख्या | माध्यमिक विद्यालय संख्या | स्वास्थ्य संस्थाको संख्या | कुल |
|---|---|---|---|---|---|
| **सम्झौता भएका १८ प्याकेजका साईट संख्या** | ६७५ | ५,८२७ | ५,२२५ | ४,१२२ | १५,८४९ |
| **इन्टरनेट जडान सम्पन्न भएको साईट संख्या** | ४७२ | ३,९५८ | ३,३०१ | २,८२२ | १०,५५३ |
| **इन्टरनेट जडान गर्न बाँकि साईट संख्या** | २०३ | १,८६९ | १,९२४ | १,३०० | ५,२९६ |
| **इन्टरनेट जडान सम्पन्न प्रतिशत** | ६९.९३ | ६७.९३ | ६३.१८ | ६८.४६ | ६६.५८ |

**१.२ मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्ग:**

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरु मार्फत अगाडी बढाइएको छ ।

१. **<u>प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश):</u>** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी निजबाट कार्य शुरु भएको छ । हालसम्म ३०८ कि. मि. अप्टिकल फाईबर बिछ्याउने कार्य, २५ वटा DWDM System हरुको जडान भई ६ स्थानहरुमा Commissioning कार्य सम्पन्न भएको तथा ४४ वटा Core Router Equipment हरु जडान गर्ने कार्य सम्पन्न भई हाल काठमाण्डौ उपत्यकामा जडान सम्पन्न भएका ३ वटा Core Router Equipment हरुको Provisional Acceptance Test (PAT) अन्तर्गतको Logical Test हरु भइरहेको छ । साथै अन्य जडान भएका DWDM System हरुको Commissioning तथा Service migration को लागि तयारी भइरहेको अवस्था छ ।

२. **<u>प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश):</u>** श्री युनाइटेड टेलिकम लि. ले २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको भौतिक प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भएको । उक्त निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको र सो विषयमा सर्वोच्च अदालतबाट उक्त

रिट निवेदनको टुङ्गो नलागेसम्म अवधी थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको अवस्था छ।

३. **प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको र भाद्र महिनामा Microwave Transmission Network र ADSS Optical Fiber Network गरी २ वटा Package को बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अगाडी बढेकोमा ADSS Optical Fiber Network को प्राप्त बोलपत्रहरु मूल्याङ्कनको क्रममा रहेको छ । साथै अन्य Package को बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अगाडी बढ्ने क्रममा रहेको छ।

उपरोक्त सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरुको संक्षिप्त भौतिक प्रगति बिबरण यस प्रकार रहेकोः

| **बिबरण** | **प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश)** | **प्याकेज २ (गण्डकी प्रदेश ४ र लुम्बिनी प्रदेश )** | **प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश)** |
|---|---|---|---|
| सम्झौता बमोजिम अप्टिकल फाइबरको दूरी (कि. मि.) | २१७९* | २१६० | १९९२ |
| हालसम्म सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | ३०८ | X | X |
| हालसम्मको अप्टिकल फाइबर बिछ्याउने कार्यको प्रगति (प्रतिशत) | १४.१३ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने उपकरण सम्बन्धी बिबरणः | | | |

| | | | |
|---|---|---|---|
| १. DWDM System | २६ | २१ | २८ |
| २. Core Router Equipment | ४८ | ७३ | ५६ |
| हालसम्म जडान गरिएको उपकरण सम्बन्धी बिबरणः | | | |
| १. DWDM System | २५ | X | X |
| २. Core Router Equipment | ४४ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | 18 hops |
| हालसम्म जडान गरिएको माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | X |

## ३. अन्य कार्य/ बिबरणः

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरुको समय समयमा सम्बन्धित सेवा प्रदायकको Network Operation Center (NOC) मा गई अनुगमन तथा निरिक्षणको कार्य गर्ने गरिएकोमा यस प्राधिकरणले आफ्नै कार्यालय परिसरबाट जुन सुकै समयमा पनि उक्त नेटवर्कको अनुगमन तथा निरीक्षण गर्नको लागि Network Management System स्थापना गर्ने कार्य अघि अगाडी बढाइएको छ। साथै दूरसञ्चार

पूर्वाधारमा हुने अनावश्यक दोहोरो लगानी निरुत्साहित गर्न तथा भएका पूर्वाधारहरुको अधिकतम उपयोग गर्नको लागि ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरुमा निर्माण भएका पूर्वाधारहरुको सहप्रयोग गर्ने सम्बन्धमा समेत सेवा प्रदायकहरुसँग छलफल भई Infrastructure Sharing Modality तयार पार्ने कार्य भइरहेको छ।

मिन प्रसाद अर्याल
प्रबक्ता
नेपाल दूरसञ्चार प्राधिकरण
२०७७/७/१२